## सुरक्षा जर्नल तेस्रो अङ्कको लागि
## लेख रचना उपलब्ध गराइदिने सम्बन्धी सूचना

रक्षा मन्त्रालयले चालु **आ.व.२०७९/८० मा** नेपालको सुरक्षा वा सुरक्षासँग सम्बन्धित समसामयिक विषयहरूलाई समेटी अनुसन्धानमूलक सुरक्षा जर्नल, **२०७९** तेस्रो अङ्क प्रकाशन गर्न गइरहेको व्यहोरा सहर्ष जानकारी गराउन चाहन्छौँ। उक्त जर्नलमा नेपालको समसामयिक सुरक्षा तथा प्रतिरक्षा स्थिति, राष्ट्रिय सुरक्षाका दृष्टिले महत्त्वपूर्ण विषयहरूका अतिरिक्त सीमा सुरक्षा र व्यवस्थापन, राष्ट्रिय सुरक्षा प्रणाली, मुलुकको आन्तरिक तथा बाह्य सुरक्षामा नेपाली सेना लगायत विभिन्न सुरक्षा निकायहरूले खेलिरहेको भूमिका तथा वर्तमान समयमा राष्ट्रिय सुरक्षा प्रणालीलाई थप सबल र सुदृढ बनाउन गरिनुपर्ने सुधारका विषयहरूमा सम्बन्धित क्षेत्रका विशिष्ट विद्वान्, पेशाकर्मी, अनुसन्धानकर्मी, वरिष्ठ सुरक्षा तथा प्रशासनविद् र प्राज्ञिक व्यक्तित्वहरूबाट तथ्य र प्रमाणमा आधारित अनुसन्धानमूलक लेख-रचनाहरू समेटिनेछन्। नेपालको सुरक्षा, सुशासन वा सुरक्षासँग सम्बन्धित समसामयिक विषयलाई आधार बनाई आफ्नो विज्ञता रहेको कुनै एक विषयमा इच्छुक महानुभावहरूले (कम्तीमा तीन हजारदेखि बढीमा पाँच हजार शब्दसम्मको) लेख रचना तयार गरी आफ्नो पासपोर्ट साइजको फोटो र पान नं.सहित **२०७९** कार्तिक मसान्तसम्ममा यस मन्त्रालयमा प्राप्त हुने गरी उपलब्ध गराइदिन हुन अनुरोध छ। साथै लेख-रचना नेपालीमा भए नेपाली युनिकोडको कालिमाटी फन्टमा र अंग्रेजीमा भए Times New Roman फन्ट १४ साइजमा माइक्रोसफ्ट वर्डमा कम्प्युटर टाइप गरी सोको सफ्ट कपी समेत मन्त्रालयको निम्न ठेगानामा प्राप्त हुने गरी पठाइदिनुहुन अनुरोध छ।

**रक्षा मन्त्रालय**

सिंहदरबार, काठमाडौं

इमेल info@mod.gov.np

थप जानकारीको लागि सम्पर्क :

रविन्द्र कुमार सिह लामा

शाखा अधिकृत

९८४११५८७६२